**अनुसूची २**
**(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)**

**मोदी गाउँपालिका**
**स्थानीय राजपत्र**

---

**खण्ड-५, संख्या-३, मिति-२०७८/०९/३०**

---

**भाग-१**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८

कर्मचारी समायोजन ऐन २०७५ बमोजिम मोदी गाउँपालिकामा सेवारत स्थायी कर्मचारी तथा अन्य सेवाबाट समायोजन भई मोदी गाउँपालिकामा कामकाज गर्न खटाइएका कर्मचारीहरु समायोजन हुँदा तहवृद्धि हुन नसकेको तथा कर्मचारी समायोजन ऐन बमोजिम विभिन्न सरकारी निकायबाट यस गाउँपालिकामा समायोजन भएका सरकारी सेवाका कर्मचारीहरुको सेवा अवधिको कारण तहवृद्धि हुन नसकी वृति विकास अवरुद्ध भई कर्मचारीको कार्यसम्पादन तथा समग्र गाउँपालिकाको कार्यसम्पादनमा समेत असर परेकोले यस गाउँपालिकामा साविक देखि स्थायी नियुक्ती भई कामकाज गरी रहेका, अन्य सरकारी सेवाबाट तथा अन्य स्थानीय निकायबाट सरुवा, समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको तहवृद्धि एवं तलबवृद्धि सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले गाउँपालिकाको दशौं गाउँ सभाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८" रहेको छ । (२) यो ऐन मोदी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -
(क) "ऐन" भन्नाले मोदी गाउँपालिकामा कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८ लाई सम्झनु पर्दछ ।

(ख) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ जारी हुँदाका बखत मोदी गाउँपालिकाको स्थायी सेवामा कार्यरत कर्मचारी, समायोजनका क्रममा सरकारी सेवाबाट तथा अन्य स्थानीय तहबाट समायोजन भई यस गाउँपालिकामा कामकाज गर्न खटाईएका र कर्मचारी समायोजन हुँदाका बखत तहवृद्धि नभई यस गाउँपालिकामा समायोजन भएका सरकारी तथा अन्य सेवाका स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका“ भन्नाले मोदी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “गाउँ सभा“ भन्नाले मोदी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत“ भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।
(च) “स्थानीय सेवा“ भन्नाले कर्मचारी समायोजन ऐन २०७५ जारी हुँदाका बखत मोदी गाउँपालिकाको स्थायी सेवामा कार्यरत कर्मचारी, समायोजनका क्रममा सरकारी सेवाबाट तथा अन्य स्थानीय तहबाट समायोजन भई यस गाउँपालिकामा कामकाज गर्न खटाईएका सरकारी तथा अन्य सेवाका स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्दछ ।

(छ) “गाउँपालिका“ भन्नाले मोदी गाउँपालिकालाई सम्झनु पर्दछ ।
(ज) “स्थानीय कानुन“ भन्नाले मोदी गाउँपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्दछ ।

३. स्थानीय सेवाका कर्मचारी बढुवा गर्ने : (१) साविकको स्थानीय निकायको रुपमा मोदी गाउँपालिकाको सेवामा स्थायी रुपमा सेवा प्रवेश गरेका कर्मचारी वा कर्मचारी समायोजनको क्रममा सरकारी सेवाबाट तथा अन्य स्थानीय निकायमा स्थायी नियुक्ति भई यस गाउँपालिकामा तहवृद्धि नभई सरुवा, समायोजन, पदस्थापन भएका र यो ऐन जारी हुँदाका बखत गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको उपदफा (२) बमोजिम बढुवा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बढुवा गर्दा कर्मचारी हाल कार्यरत तहमा आठ वर्ष सेवा अवधि पुरा गरेको र हाल कार्यरत तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेको कर्मचारीलाई देहाय बमोजिम बढुवा गरिनेछ :-

| **क्र.स.** | **हालको तह** | **बढुवा पछि कायम हुने तह** | **पद नाम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सहायकस्तर चौथो तह | सहायकस्तर पाँचौ तह | सहायकस्तर पाँचौ | |
| २ | सहायकस्तर पाँचौ तह | अधिकृतस्तर छैटौं तह | अधिकृतस्तर छैटौं | |
| ३ | अधिकृतस्तर छैटौ तह | अधिकृतस्तर सातौं तह | अधिकृतस्तर सातौं | |
| ४ | अधिकृतस्तर सातौ तह | अधिकृतस्तर आठौं तह | अधिकृतस्तर आठौं | |

(३) यो ऐन लागु हुँदाका बखत कुनै कर्मचारीको हाल कार्यरत तहको सेवा अवधि आठ वर्ष भन्दा कम रहेछ भने निजलाई निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप पाउने गरी ग्रेड मिलान गरिनेछ ।

यस उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि यस उपदफा बमोजिम थप ग्रेड पाएको कर्मचारी उपदफा (८) बमोजिम एक पटकको लागि तहवृद्धि हुन बाधा पुगेको मानिने छैन ।

(४) कुनै कर्मचारीलेहाल कार्यरत तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाँसिल नगरेको कारण उपदफा (२) बमोजिम बढुवा हुन नसकेमा निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप पाउने गरी ग्रेड मिलान गरिनेछ ।

(५) श्रेणीविहीन कर्मचारीलाई निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप पाउने गरी ग्रेड मिलान गरिनेछ ।

(६) यस दफा बमोजिम गाउँपालिकाको स्थानीय सेवाका कार्मचारी बढुवा गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३), (४) र (५) बमोजिम थप गरिएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने भएमा त्यसरी थप भएको ग्रेड समेत दिइनेछ ।

(८) उपदफा (२) बमोजिमको सेवा अवधि पुरा नभएको कुनै कर्मचारी यस ऐनमा तोकिएको सेवा अवधि पुरा हुँदाका बखत एकपटकका लागि यस ऐन बमोजिम बढुवा हुन सक्नेछ ।

४. बढुवा पत्र दिने: (१) यस ऐन बमोजिम बढुवा भए पश्चात गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले बढुवा भएको पत्र दिनेछ ।
(२) उपदफा (१) बमोजिम दिइने पत्र अनुसूची-१ बमोजिमको हुनेछ ।

५. दरबन्दी कायम गरिने: दफा ३ बमोजिम बढुवा भएका गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई बढुवा पश्चात पदस्थापना गर्नु अघि स्वत: पुल दरबन्दी कायम भएको मानिने छ । यसरी बढुवा भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई समायोजन गर्नु पूर्वको पदले सम्पादन गर्ने कामकाजमा लगाउन बाधा पुगेको मानिने छैन ।

६. पदस्थापना गरिने : दफा ३ बमोजिम बढुवा भएका गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाइ गाउँपालिकाको स्वीकृत संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण अनुसारका दरबन्दीमा उपयुक्त समूह तथा उपसमुहमा पदस्थापना गरिनेछ ।

७. बढुवा भएका कर्मचारीको सेवा सुविधा : यस ऐन वमोजिम बढुवा भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

८. जेष्ठताको गणना : यस ऐन बमोजिम बढुवा हुने कर्मचारीहरुको जेष्ठता बढुवा भएको मिति देखि गणना गरिनेछ ।

९. समूह मिलान सम्बन्धी व्यवस्था : कर्मचारी समायोजन हुँदाका बखत विभिन्न सरकारी सेवा, यस गाउँपालिकामा साविकमा कामकाज गरी रहेका तथा अन्य स्थानीय तहबाट समायोजन भई आएका कर्मचारीको साविकको सेवा/समूह गाउँपालिकाको स्वीकृत संगठन संरचना तथा दरबन्दीको सेवा तथा समूहसंग मिल्दो पद नभई निजले समूह मिलानको लागि निवेदन दिएमा एक पटकको लागि गाउँ कार्यपालिकाले निजले सम्पादन गरी आएको कार्य, गाउँपालिकाको आवश्यकता, र स्वीकृत संगठन संरचना तथा दरबन्दी समेतको अध्ययन गरी आवश्यकता अनुसार मिल्दो समूहमा मिलान गर्न सक्नेछ ।

१०. पदनाम सम्बन्धी व्यवस्था : कर्मचारी समायोजन हुँदाका बखत विभिन्न सरकारी सेवा, यस गाउँपालिकामा  साविकमा कामकाज गरी रहेका तथा अन्य स्थानीय तहबाट समायोजन भई आएका कर्मचारीहरुको पदनामको  सम्बन्धमा गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसारको पदनाम कायम गरिनेछ ।

११. आवश्यक व्यवस्था मिलाउनेः यस ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले  यस ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

## अनुसूची १

**दफा ४ को उपदफा (२) सँग सम्बन्धित**

**बढुवा पत्र**

**पत्र संख्याः**
**चलानी नं.**

**महाशय,** **मिति :**

**विषय : बढुवा नियुक्ति ।**

मोदी गाउँपालिकाको “कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८” बमोजिम यस कार्यालयको मिति .................. को निर्णय अनुसार बढुवा भएको मितिदेखि ज्येष्ठता कायम हुने गरी तपाईलाई देहाय बमोजिमको तहमा बढुवा नियुक्ति गरिएको छ ।

***“बढुवा हुनुभएकोमा हार्दिक बधाई छ ।”***

**तपशिल :**

| **हालको तह र कार्यालय** | **बढुवा गरिएको तह र कार्यालय** |
|---|---|
| तहः<br>सेवाः<br>समुहः<br>कार्यालयः | तहः<br>सेवाः<br>समुहः<br>कार्यालयः |

**श्री मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, पर्वत ।**

..........................
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थः**

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमान्डौ ।**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
श्री कर्मचारी सञ्चय कोष, पोखरा ।
श्री नागरिक लगानी कोष, पोखरा ।
श्री आर्थिक प्रशासन शाखा, मोदी गाउँ कार्यपालिकाको कार्यालय ।

प्रमाणीकरण मिति : २०७८/०९/३०

आज्ञाले,
किसान बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत